# राजमार्ग अवरोध हटाउने समन्वय समिति परिचालन योजना - २०७६

**तयार गर्ने**

**जिल्ला प्रशासन कार्यालय**

**पर्वत**

# राजमार्ग अवरोध हटाउने जिल्ला समन्वय समिति परिचालन योजना पर्वत-२०७६

## १.पृष्ठभूमि

पर्वत जिल्लाको सीमाना बागलुङ, म्याग्दी, कास्की, स्याङ्जा र गुल्मी जिल्लाहरुसंग जोडिएको छ । धौलागिरी क्षेत्रको मुख्य आवतजावत गर्ने कास्की-बागलुङ-बेनी राजमार्ग खण्ड पर्वत जिल्लामा पर्दछ । धौलागिरी गेट देखि मालढुङ्गा सम्मको सडक खण्ड करिब २४ कि.मि. मध्यपहाडी लोकमार्ग आयोजनाबाट स्तरोन्नतिको अवस्थामा रहेको छ । त्यस्तै गरी करिब ४२ किलोमिटर राजमार्ग क्षेत्र रहेको यस खण्डलाई विना अवरोध सुचारु राख्न नेपाल सरकार, राजमार्ग(सडक) मा हुने अवरोध हटाउन गर्नुपर्ने सुरक्षा कारवाहीको कार्यविधि,२०७५ बमोजिम समिति गठन तथा कार्ययोजना तयार गरी जिल्ला प्रशासन कार्यालय पर्वतले कार्यान्वयनमा ल्याएको छ ।

## २.उद्देश्य

१ राजमार्ग(सडक) खण्डलाई सुरक्षित बनाउनु,
२ राजमार्ग(सडक) खण्डमा हुन सक्ने अवरोधलाई तत्काल हटाई सडक विना रोक तोक निर्बाध रुपमा संचालनमा ल्याउनु ।

## ३.रणनीति

१ राजमार्गमा नियमित गस्ति तथा पेट्रोलिङ्ग गर्ने ।
२ राजमार्ग सुरक्षा पोष्ट तथा आकस्मिक चेक प्वाइन्टहरु सक्रिय र प्रभावकारी बनाउने ।
३. राजमार्गका विभिन्न ठाँउमा सडक ट्राफिक चिह्न वा सूचना राख्ने ।
४. राजमार्गमा हुन सक्ने अवरोध हटाउन QRT गठन तथा  सामग्रीहरुको रोष्टर तयार गरी उक्त सामग्रीहरु ठाँउठाँउमा Standing अवस्थामा राख्ने ।

## ४.कार्यनीति

१. राजमार्ग क्षेत्रमा सुरक्षा निकायबाट SRP, गस्ति तथा अनुगमन गरिनेछ । (१)
२. राजमार्गमा रहेका सुरक्षा पोष्टहरुको प्रभावकारीता बढाइनेछ । (२)
३. आवश्यकता अनुसार सुरक्षा चेक प्वाइन्ट स्थापना गरिनेछ ।(२)
४. राजमार्ग खण्डका विभिन्न स्थानमा सडक सुरक्षा चिह्न तथा सूचना राखिनेछ । (३)
५. राजमार्गमा हुने अवरोध हटाउन जिल्ला स्तरीय समन्वय समिति गठन गरिनेछ । (४)
६. तत्काल हुने अवरोध हटाउन QRT/IRT को व्यवस्था गरिनेछ । (४)
७. अवरोध हटाउन आवश्यक सम्भाव्य औजार उपकरणको रोष्टर तयार गरिनेछ । (४)

## ५. जिम्मेवार संस्थागत निकाय

| मुख्य निकाय | सहयोगी निकाय |
|---|---|
| १. जिल्ला प्रशासन कार्यालय | यातायात कार्यालय |
| २. जिल्ला प्रहरी कार्यालय | गैह्र सरकारी संघ संस्थाहरु |
| ३. नेपाली सेना | नागरिक समाज |
| ४. सशस्त्र प्रहरीबल नेपाल | पत्रकार |
| ५. राष्ट्रिय अनुसन्धान | |
| ६. सडक डिभिजन कार्यालय | |
| ७. सडक आयोजना | |

## ६. राजमार्ग अवरोध हटाउने जिल्ला समन्वय समिति परिचालन कार्ययोजना -२०७६

| क्र.सं. | कार्यक्रम | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | स्रोत | समय | अनुगमन सुचक | जोखिम विश्लेषण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | सुरक्षा निकाय परिचालन | दैनिक गस्ति गर्ने | नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल | जिल्ला प्रशासन कार्यालय, राष्ट्रिय अनुसन्धान | विनियोजित बजेट | निरन्तर | गस्ति संख्या, | जनशक्तिको कमी | |
| | | अनुगमनका कार्यक्रम बढाउने, | नेपाल प्रहरी, सशस्त्र प्रहरीबल नेपाल | जिल्ला प्रशासन कार्यालय, राष्ट्रिय अनुसन्धान | विनियोजित बजेट | निरन्तर | अनुगमन संख्या | जनशक्तिको कमी | |
| | | SRP गर्ने, | नेपाल प्रहरी, सशस्त्र प्रहरीबल नेपाल | जिल्ला प्रशासन कार्यालय, राष्ट्रिय अनुसन्धान | विनियोजित बजेट | निरन्तर | SRP मा परिचालित संख्या | जनशक्तिको कमी | |
| २. | सुरक्षा पोष्ट तथा चेक पोष्टहरुको सवलीकरण | विद्यमान सुरक्षा चेक पोष्टलाई प्रभावकारी बनाउने, | जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय | शसस्त्र प्रहरी बल नेपाल, राष्ट्रिय अनुसन्धान | विनियोजित बजेट | निरन्तर | सुरक्षा चेकपोष्टको प्रभावकारीता, | बजेटको कमी | |
| | | सुरक्षा पोष्टमा आवश्यकता अनुसार जनशक्ति परिचालन गर्ने, | जिल्ला प्रहरी कार्यालय | जिल्ला प्रशासन कार्यालय, शसस्त्र प्रहरी बल नेपाल, राष्ट्रिय अनुसन्धान | विनियोजित बजेट | आवश्यकता अनुसार | जनशक्ति संख्या | बजेटको कमी, जनशक्तिको कमी | |
| | | आवश्यकता अनुसार अस्थायी चेक प्वाइन्ट खडा गर्ने | जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय | शसस्त्र प्रहरी बल नेपाल, राष्ट्रिय अनुसन्धान | विनियोजित बजेट | आवश्यकता अनुसार | अस्थायी चेकपोष्ट संख्या | बजेटको कमी, जनशक्तिको कमी | |

| क्र.सं. | कार्यक्रम | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | स्रोत | समय | अनुगमन सुचक | जोखिम विश्लेषण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| ३. | सडक सुरक्षा ट्राफिक संकेत चिह्न र सूचना | जोखिम युक्त स्थानमा सडक संकेत,चिह्न र सूचना राख्ने | जिल्ला प्रहरी कार्यालय, डिभिजन सडक कार्यालय, सडक आयोजना | जिल्ला प्रशासन कार्यालय, नेपाली सेना, सशस्त्र प्रहरी बल नेपाल | विनियोजित बजेट | निरन्तर | चिह्न र सूचना संख्या, | पर्याप्त बजेटको अभाव, चिह्नहरु तोडफोड हुन सक्ने | |
| | | अवरोधका सूचना संकलन गर्ने | नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, राष्ट्रिय अनुसन्धान | अन्य सबै | विनियोजित बजेट | निरन्तर | संकलित सूचना विवरण | दक्ष जनशक्ति र समन्वयमा कमी | |
| ४ | अवरोध हटाउन समिति, टोली र सामग्रीको व्यवस्थापन | जिल्ला स्तरीय समन्वय समिति गठन गर्ने | जिल्ला प्रशासन कार्यालय र अन्य सबै | | विनियोजित बजेट | निरन्तर | समिति | | |
| | | QRT/IRT को व्यवस्था | जिल्ला प्रशासन कार्यालय, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, नेपाली सेना | नेपाल रेडक्रस | विनियोजित बजेट | निरन्तर | समुह/टोली | समन्वयात्मक रुपबाट परिचालनमा समस्या | |
| | | उपकरण औजारको रोष्टर तयार | जिल्ला प्रशासन कार्यालय | नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, नेपाली सेना | विनियोजित बजेट | निरन्तर | रोष्टर | समन्वयमा कमी | |
| | | औजारहरु विभिन्न खण्डमा Standing Position मा राख्ने | जिल्ला प्रशासन कार्यालय, नेपाल प्रहरी | सशस्त्र प्रहरी बल नेपाल, नेपाली सेना, सडक डिभिजन कार्यालय | विनियोजित बजेट | निरन्तर | औजार उपकरणको उपलब्धता | औजार उपकरणहरुमा क्षति हुन सक्ने | |

**७. राजमार्ग (सडक) मा हुने अवरोध हटाउन गर्नुपर्ने सुरक्षा कारवाहीको कार्यविधि-२०७५, अनुसार पर्वत जिल्लामा निम्नानुसारको जिल्ला समन्वय समिति रहने छ :**

संयोजकः- प्र.जि.अ. श्री कल्पना घिमिरे नेपाल, जिल्ला प्रशासन कार्यालय, पर्वत
सदस्यः- प्र.उ. श्री सोम बहादुर गुरुङ, सशस्त्र प्रहरी बल गण हे.क्वा.नं.२५, पर्वत
सदस्यः- सेनानी श्री अर्जुन दुलाल, केवलजँग गुल्म, पर्वत
सदस्यः- प्र.ना.उ. श्री श्यामु अर्याल, जिल्ला प्रहरी कार्यालय, पर्वत
सदस्यः- प्र.अ.अ. श्री हेमकाजी गुरुङ, राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, पर्वत
सदस्यः- सम्बन्धित स्थानीय तहहरु, पर्वत
सदस्यः- का.प्र. श्री पार्शिङ थापामगर,यातायात व्यवस्था कार्यालय बागलुङ, पर्वत
सदस्यः- का.प्र. श्री रामेश्वर लम्साल, सडक डिभिजन कार्यालय बागलुङ, पर्वत
सदस्यः- प्र.ना.नि. श्री रामबहादुर भट्ट , ट्राफिक कार्यालय, पर्वत
सदस्यः- व्यवस्थापक श्री हेम शर्मा लामिछाने, पर्वत यातायात प्रा.लि., पर्वत
सदस्य सचिवः- स.प्र.जि.अ. श्री छविलाल सुबेदी, जिल्ला प्रशासन कार्यालय, पर्वत